# UNIVERSITY GRANTS COMMISSION
## NET BUREAU

**Subject : NEPALI** **Code No. : 34**

### SYLLABUS

## नेपाली पाठ्यक्रम

### भाग – 1 : कविता

- कविताका विधा-उपविधागत स्वरूप र तत्त्वहरू
- नेपाली कविताको ऐतिहासिक एवम् समाज-सांस्कृतिक पृष्ठभूमि
- नेपाली महाकाव्यको स्वरूप, परम्परा र प्राप्ति
- नेपाली खण्डकाव्यको स्वरूप, परम्परा र प्राप्ति
- प्राथमिक कालीन नेपाली कविता - स्वरूप, प्रवृत्ति र शैलीगत विशेषता
- माध्यमिक कालीन नेपाली कविता - स्वरूप, प्रवृत्ति र शैलीगत विशेषता
- आधुनिक कालीन नेपाली कविता - स्वरूप, प्रवृत्ति र शैलीगत विशेषता
- आधुनिकोत्तर नेपाली कविता - स्वरूप, प्रवृत्ति र शैलीगत विशेषता
- नेपाली लामो कविताको पृष्ठभूमि र परम्परा, स्वरूप, विकास, प्रवृत्ति र शैलीगत विशेषता
- नेपाली कविताका लघु रूपको परम्परा, प्रवृत्ति र शैलीगत विशेषता

### भाग – 2 : गद्याख्यान

- गद्याख्यान – विविध स्वरूप, प्रकृति, विधा-उपविधाका सैद्धान्तिक लक्षण र विशेषता
- नेपाली उपन्यास – सैद्धान्तिक स्वरूप र प्रवृत्तिगत विकास
- प्राथमिक कालीन गद्याख्यान – स्वरूप, प्रवृत्ति र शैलीगत विशेषता
- माध्यमिक कालीन गद्याख्यान – स्वरूप, प्रवृत्ति र शैलीगत विशेषता
- आधुनिक कालीन गद्याख्यान – स्वरूप, प्रवृत्ति र शैलीगत विशेषता
- आधुनिकोत्तर गद्याख्यान – स्वरूप, प्रवृत्ति र शैलीगत विशेषता
- नेपाली उपन्यास – पृष्ठभूमि, विधागत स्वरूप, भेद र शैलीगत विशेषता
- आधुनिक तथा आधुनिकोत्तर नेपाली उपन्यास – परम्परा, प्रवृत्ति र शैलीगत विशेषता
- नेपाली कथा – पृष्ठभूमि, विधा-उपविधागत स्वरूप र शैलीगत विशेषता
- आधुनिक तथा आधुनिकोत्तर नेपाली कथा – स्वरूप, प्रवृत्ति तथा शैलीगत विशेषता

## भाग – 3 : नाटक र चलचित्र अध्ययन

- नाटकको विधागत उद्‌भव, विकास तथा भेद उपभेदहरूका सैद्धान्तिक स्वरूप र विशेषता
- नेपाली नाटकको पृष्ठभूमि, परम्परा, स्वरूप-विकास र विशेषता
- नेपाली नाटक – वस्तु-स्रोत, प्रवृत्ति, वर्गीकरण र शैलीगत विशेषता
- नेपाली नाटकका लघुभेद – एकाङ्की, रेडियो रूपक, सडक नाटक आदिका विधा-उपविधात्मक स्वरूप, प्रवृत्ति र विशेषता
- नाटक र रङ्गमञ्चको सम्बन्ध, रङ्गमञ्चका प्रकार, रङ्गमञ्चका सङ्घटक तत्त्व, रङ्गमञ्चको महत्त्व
- नाटक र चलचित्रमाझ सम्बन्ध तथा साम्य-भेद, दृश्य-श्रव्य कलाका रूपमा चलचित्रको स्वरूप, प्रकृति र उद्‌भवको इतिहास, चलचित्र-अध्ययनको परम्परा, अनुशासनका रूपमा चलचित्र अध्ययनको विकास, चलचित्र अध्ययनका सैद्धान्तिक आधार
- नेपाली चलचित्रकलाको उद्‌भव र विकास, नेपाली चलचित्रका विविध विधा-उपविधागत भेद, प्रविधि, विशेषता र प्राप्ति

## भाग – 4 : निबन्ध र समालोचना

- साहित्यविधाका रूपमा निबन्धको उद्‌भव र विकासको पृष्ठभूमि र परम्परा तथा निबन्धका विधा-उपविधागत स्वरूप, वैशिष्ट्य, तिनका सङ्घटक तत्त्व
- नेपाली निबन्ध – पृष्ठभूमि, परम्परा, स्वरूप, विधा-उपविधागत भेदहरू र विशेषता
- नेपाली आत्मपरक निबन्धको स्वरूप-विकास, प्रवृत्तिगत वैशिष्ट्य र प्राप्ति
- नेपाली वस्तुपरक निबन्धको स्वरूप-विकास, प्रवृत्तिगत वैशिष्ट्य र प्राप्ति
- नेपाली नियात्रा, संस्मरणात्मक गद्य, शब्दचित्र, दैनिकी, पत्र-साहित्य
- समालोचनाको अवधारणा, समालोचनाका तत्त्व र प्रकार, समालोचनाका शोध-लेखन, टिप्पणी-लेखन, पुस्तक निरूपण र पाठक-प्रतिक्रियाका स्वरूप-भेद, भूमिका र महत्त्व
- नेपाली समालोचनाको पृष्ठभूमि, परम्परा र यसका प्रवृत्ति
- नेपाली समालोचनाका सैद्धान्तिक आधार र पद्धति

## भाग – 5 : साहित्येतिहास

- साहित्येतिहास – प्रकृति, स्वरूप, संरचना, क्षेत्र र सीमा
- साहित्येतिहास लेखनका आधार, प्रयोजन र महत्त्व
- साहित्येतिहासमा कालविभाजनका आधार, प्रयोजन र महत्त्व
- साहित्येतिहास र साहित्यालोचनामाझ भेद-साम्य
- साहित्येतिहासका प्रकार, साहित्येतिहास लेखनका समस्या र सीमा
- नेपाली साहित्यको इतिहास लेखनको पृष्ठभूमि, परम्परा र यसका आधार, सीमा र सम्भावनाहरू
- नेपाली साहित्येतिहासको काल विभाजन – परम्परा, प्रयोजन, आधार, सीमा र सम्भावनाहरू
- नेपाली काव्यभाषाको विकासको पृष्ठभूमि र परम्परा
- प्राथमिककालीन नेपाली कविता – पृष्ठभूमि, विधा-उपविधागत स्वरूप, प्रवृत्ति, शैलीगत विशेषता र प्राप्ति

- प्राथमिक कालीन नेपाली गद्य – पृष्ठभूमि, विधागत स्वरूप, प्रवृत्ति र शैलीगत विशेषता र प्राप्ति
- माध्यमिक कालीन नेपाली कविता – पृष्ठभूमि, परम्परा, विधा-उपविधागत स्वरूप, प्रवृत्ति र शैलीगत वैशिष्ट्य
- माध्यमिक कालीन नेपाली गद्यसाहित्य – पृष्ठभूमि, परम्परा, विधा-उपविधागत स्वरूप, प्रवृत्ति र शैली
- माध्यमिक कालीन नेपाली नाटक र रङ्गमञ्च – पृष्ठभूमि, परम्परा, विधा-उपविधागत स्वरूप, प्रवृत्ति र शैली
- आधुनिक नेपाली कविता – पृष्ठभूमि, परम्परा, विधा-उपविधागत स्वरूप, प्रवृत्ति र शैली
- आधुनिक नेपाली गद्याख्यान – पृष्ठभूमि, परम्परा, विधा-उपविधागत स्वरूप, प्रवृत्ति र शैली
- आधुनिक नेपाली नाटक, गद्य र समालोचना – पृष्ठभूमि, परम्परा, विधा-उपविधागत स्वरूप, प्रवृत्ति र शैली
- नेपाली पत्र-पत्रिकाको इतिहास, भाषिक एवम् साहित्यिक वाद र आन्दोलनहरूको इतिहास, नेपाली सङ्घ-संस्थाका योगदानको इतिहास, नेपाली भाषा-साहित्य शिक्षणको इतिहास

## भाग – 6 : सामान्य भाषाविज्ञान

- भाषा – अर्थ, प्रकृतिगत विशेषता, संरचनात्मक स्वरूप-व्यवस्था, भाषाका क्षेत्र र सीमा, भाषा, भाषिका, बोली र व्यक्तिबोली, भाषा र अर्थ, भाषा र माध्यम
- भाषा-भेद – संसारका भाषाहरूको वर्गीकरणका विविध आधार, पारिवारिक र आकृतिमूलक वर्गीकरण
- भाषाविज्ञान – परिचय, क्षेत्र, सीमा, प्रयोजन, भाषाविज्ञानका विविध शाखा-प्रशाखा (सैद्धान्तिक र प्रायोगिक भाषाविज्ञान र ऐतिहासिक र तुलनात्मक भाषाविज्ञान, वर्णनात्मक भाषाविज्ञान, व्यतिरेकी भाषाविज्ञान, प्रयोगार्थविज्ञान, संरचनात्मक भाषाविज्ञान, साङ्केतिक भाषाविज्ञान, मानव भाषाविज्ञान, समाज भाषाविज्ञान, मनोभाषाविज्ञान, कोशविज्ञान, अनुवादविज्ञान, शैलीविज्ञान, कर्पस भाषाविज्ञान आदि)
- भाषाविज्ञानका प्रमुख सम्प्रदायहरू – पाणिनि सम्प्रदाय, ऐन्द्र एवम् चान्द्र सम्प्रदाय, जेनेभा सम्प्रदाय रसियाली सम्प्रदाय, प्राग सम्प्रदाय, लन्डन सम्प्रदाय, अमेरिकेली सम्प्रदाय, कोपेनहेगन सम्प्रदाय
- साहित्य-अध्ययन र सामान्य भाषाविज्ञानका अध्ययनको सम्बन्ध तथा प्रयोजन र महत्त्व
- ध्वनिविज्ञान – भाषिक ध्वनिको परिचय, ध्वनि उच्चारणको प्रक्रिया, ध्वनि उच्चारण-अवयवहरू, भाषिक ध्वनिको वर्गीकरणका आधारहरू, ध्वनि उच्चारण–स्थान र प्रयत्न, ध्वनिका भेद, मानस्वरको सिद्धान्त, ध्वनि-अध्ययनको भारतीय परम्परा
- वर्णविज्ञान – वर्णको परिचय र परिभाषा, ध्वनि, वर्ण, संवर्ण, उच्चार र अक्षरका अवधारणाहरू, वर्णसिद्धान्त र वर्णान्वेषण प्रक्रिया
- रूपविज्ञान – रूप, रूपिम, संरूप, पद र शब्दका अवधारणा, रूप-निर्धारण र विश्लेषणका सिद्धान्त र पद्धति, रूपका भेद, रूपसन्धिविज्ञान
- वाक्यविज्ञान – वाक्यको अवधारणा, वाक्यको संरचना, वाक्यका घटक – पद, पदावली, पदक्रम, पदसङ्गति, उपवाक्य, आधारभूत वाक्य, वाक्यका प्रकार, वाक्य-रूपान्तरण
- अर्थविज्ञान र लिपिविज्ञान – भाषाविज्ञानमा अर्थको स्थान र महत्त्व, अर्थको अर्थ, अर्थका प्रकार, अर्थ-निर्णय र अर्थबोधका आधार, स्फोट र शब्दशक्ति, भाषा र लिपिको सम्बन्ध, लिपिका प्रकार र शैली, लिपिका विकासको इतिहास

## भाग – 7 : नेपाली भाषाविज्ञान

- नेपाली भाषाको उद्भव र विकासको इतिहास– प्राचीन, मध्यकालीन र आधुनिक भारतीय भाषाहरूको विकासका सन्दर्भमा नेपाली भाषाको ऐतिहासिक परिचय
- नेपाली भाषा-लेखन र अध्ययन-अध्यापनको ऐतिहासिक पृष्ठभूमि र परम्परा, नेपाली भाषाको व्याकरण लेखन, कोश-निर्माण, पाठ्य-सामग्री निर्माण, मुद्रण तथा प्रकाशनको परम्परा
- नेपाली वर्णविज्ञान
- नेपाली रूपविज्ञान एवम् रूपसन्धिविज्ञान
- नेपाली वाक्यविज्ञान
- नेपाली लिपि र लेखनशैलीको विकास
- नेपाली भाषाको व्याकरण लेखन– परम्परा, समस्या र प्राप्ति
- नेपाली भाषाको शब्दभण्डार, शब्दवर्ग र व्याकरणिक कोटिहरू
- नेपाली लेखनका नियम र शैलीगत विशेषताहरू, पदक्रम र पदसङ्गति
- नेपाली भाषाको मानकीकरण र आधुनिकीकरणको प्रक्रिया, नेपाली भाषाको संवैधानिक मान्यताको इतिहास

## भाग – 8 : समालोचना सिद्धान्त

- समालोचनाको अवधारणा, साहित्यालोचना र साहित्यसिद्धान्त, साहित्य-तत्त्व– वाङ्मय, काव्य र साहित्य, साहित्यको प्रयोजन, साहित्यहेतु, साहित्यका विधा-उपविधाहरू, रस, ध्वनि, अलङ्कार, वक्रोक्ति, औचित्य, काव्यभाषा, रीति र शैली, वस्तु, छन्द र लय, प्रतीक, बिम्ब, मिथक, कथानक, चरित्र एवम् चरित्रचित्रण, काल र अवकास, दृष्टिकोण र परिवेश, संरचना र बुनोट
- भारतीय साहित्यालोचनाको सैद्धान्तिक परम्परा – रस-सिद्धान्त, अलङ्कारशास्त्र, ध्वनिसिद्धान्त, रीतिवाद, वक्रोक्तिवाद, औचित्यवाद
- पाश्चात्य साहित्यालोचनाको सैद्धान्तिक परम्परा – अनुकरण र विरेचन सिद्धान्त, स्वच्छन्दतावादी काव्यशास्त्र, नव-शास्त्रीयतावादी काव्यशास्त्र
- बेनेदित्तो क्रोचेको सौन्दर्यशास्त्रीय कलासिद्धान्त, आई ए रिचड्र्सका समालोचना सिद्धान्त, टी एस इलियटका समालोचना सिद्धान्त
- कलावाद, रूपवाद र अमेरिकेली नवआलोचनावाद
- संरचनावाद, उत्तरसंरचनावाद, विनिर्माण र उत्तरउपनिवेशवाद
- नारीवादी समालोचना, परिवेशवैज्ञानिक समालोचना, पाठक-अनुक्रियात्मक समालोचना र लैङ्गिक समालोचना
- विधा-सिद्धान्त, इतिवृत्तशास्त्र र सांस्कृतिक अध्ययन
- मनोविश्लेषणात्मक समालोचना, समाजशास्त्रीय समालोचना, ऐतिहासिक एवम् जीवनचरित्रात्मक समालोचना, मिथकीय समालोचना, तुलनात्मक समालोचना
- अन्तर्निष्ठ र वहिर्निष्ठ समालोचना, शैलीविज्ञान, सङ्केतविज्ञान

## भाग – 9 : लोकवार्ताविज्ञान र नेपाली लोकवार्ता

- ‘लोक’, ‘लोकवार्ता’ र ‘लोकवार्ताविज्ञान’-का अर्थ र अवधारणा, लोकवार्ताविज्ञानको क्षेत्र र प्रयोजन, लोकवार्ता अध्ययनको परम्परा र लोकवार्ताविज्ञानको विकास
- लोकवार्ताका विविध विधागत रूप, प्रकृति र प्रयोजन
- लोकवार्ता र लोकसाहित्य, लोकसाहित्यको स्वरूप, प्रकृति र महत्त्व, लोकसाहित्यका विधा-उपविधाहरू
- लोकसाहित्य र सिर्जित साहित्य, नेपाली साहित्यको लोकसाहित्यिक पृष्ठभूमि, परम्परा र महत्त्व
- लोकवार्ता अध्ययनका विविध सिद्धान्त र पद्धति
- लोकसाहित्य र लोकप्रिय साहित्य
- नेपाली लोकवार्ता अध्ययनको परम्परा, नेपाली लोकवार्ताका क्षेत्र र विधा-उपविधाहरू
- नेपाली लोकगीत, गाथा र कविताका विविध रूप र शैली
- नेपाली लोककथाका विविध रूप र शैली
- नेपाली लोकनाटक र प्रस्तुतिका विविध रूप र शैली
- नेपाली लोकसाहित्यका प्रकीर्ण भेद-उपभेदका स्वरूप र शैली
- लोकवार्ताको क्षेत्र-अध्ययन पद्धति

## भाग – 10 : विश्वसाहित्यको सर्वेक्षण र शोधविधि

- भारतीय साहित्यको सर्वेक्षण – प्राचीन भारतीय साहित्य– संस्कृत, पालि, प्राकृत साहित्यको पृष्ठभूमि, परम्परा र विविध विधागत स्वरूपका साथै प्रमुख साहित्यकार र कृतिहरूको परिचय
- आधुनिक भारतीय साहित्य – हिन्दी, बाङ्ला, असमिया, मणिपुरी, मराठी, गुजराती, तमिल, तेलुगु, कन्नड र उडिया साहित्य, प्रमुख राष्ट्रिय साहित्यिक प्रतिभाहरूको परिचय
- पाश्चात्य साहित्यको सर्वेक्षण – प्राचीन ग्रिसेली साहित्य र साहित्यकार, फ्रान्सेली, रसियाली, जर्मनेली एवम् अङ्ग्रेजी साहित्य र तिनका प्रसिद्ध साहित्यकारहरूको परिचय
- अफ्रो-एसियाली साहित्यको सर्वेक्षण – अफ्रिकेली तथा अरबेली, पर्सियाली, चिनियाँ र जापानेली साहित्य र तिनका प्रसिद्ध साहित्यकारहरूको परिचय
- विश्वसाहित्य र तुलनात्मक साहित्यका अवधारणा, तुलनात्मक साहित्यको क्षेत्र, स्वरूप र प्रयोजन, तुलनात्मक साहित्य अध्ययनका विविध सम्प्रदाय, तुलनात्मक भारतीय साहित्यको अवधारणा र प्रयोजन
- भाषा, साहित्य र लोकवार्ता विषयक शोधका विधि र पद्धति – शोधको अर्थ, प्रयोजन, परम्परा, शोधका अङ्ग र उपकरण, शोध-आचरण, शोधका प्रकार, शोधविधि र पद्धतिको परिचय, सैद्धान्तिक र प्रायोगिक शोध, गुणात्मक र परिमाणात्मक शोध, वर्णनात्मक, ऐतिहासिक, तुलनात्मक, प्रयोगात्मक शोध र क्षेत्रविधि आदि विविध शोधविधि तथा पद्धतिहरूको परिचय

■